सि.सं. १७ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दिक्षान्त समारोह

# राष्ट्र र नागरिकप्रति इमान्दार, उत्तरदायी र प्रतिबद्ध भएर काम गर्नु आजको आवश्यकता - माननीय गृहमन्त्री सुधन गुरुङ

माननीय गृहमन्त्री सुधन गुरुङले राष्ट्र र नागरिकप्रति इमान्दार, उत्तरदायी र प्रतिवद्ध भएर काम गर्नु आजको आवश्यकता रहेको बताउनुभएको छ।

चैत्र ३० गते राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातिर्थमा संचालित सि.सं. १७ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दिक्षान्त समारोहका प्रमुख अतिथि माननीय गृहमन्त्री गुरुङले सो कुरा बताउनुहुँदै नेपाल सरकारको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत देश विकासको अभियानमा सशस्त्र प्रहरी बल नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्ने समेत विश्वास व्यक्त गर्नुभयो।

उहाँले कठोर अनुशासन र समर्पणसहित आधारभूत तालिम सफलतापूर्वक सम्पन्न गर्नुभएका प्रशिक्षार्थी अधिकृतहरुलाई हार्दिक बधाई दिनुहुँदै विभिन्न विधामा उत्कृष्ट प्रशिक्षार्थीहरुलाई पुरस्कार समेत प्रदान गर्नुभएको थियो।

माननीय गृहमन्त्री गुरुङले सशस्त्र प्रहरी बल नेपालले स्थापनाकालदेखि नै कार्यक्षेत्रमा देखाएको क्षमता, दक्षता र व्यावसायिकता मार्फत आफ्नो औचित्यलाई सक्षम, विश्वासिलो तथा अब्बल सुरक्षा निकायको रुपमा परिचित गराएको चर्चा गर्नुहुँदै सीमा सुरक्षा, राजश्व चुहावट नियन्त्रण, विपद् व्यवस्थापन, महत्वपूर्ण व्यक्ति तथा प्रतिष्ठानको सुरक्षाका क्षेत्रमा संगठनले निर्वाह गरेको उल्लेखनिय भूमिकाको समेत मुक्तकण्ठले प्रशंसा गर्नुभयो।

उहाँले सशस्त्र प्रहरी बल नेपालले अंगिकार गरेको BIRD (Border Security, Internal Security, Revenue Support and Disaster Management) अवधारणा अनुरुप कार्यक्षेत्रमा प्रभावकारी योगदान पुर्‍याउँदै आएको चर्चा गर्नुहुँदै राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान लगायतका तालिम शिक्षालयहरुमा संचालित तालिमहरुको स्तरोन्नती तथा निरन्तरता र गुणस्तर अभिबृद्धिका लागि गृहमन्त्रालयबाट आवश्यक सहयोग निरन्तर रहिरहने बताउनुभयो।



माननीय गृहमन्त्री गुरुङले वर्तमान परिवेशमा जगन्य अपराध, सीमापार अपराध, विपद् जोखिम तथा बन्द हडताल जस्ता गतिविधिहरुले मुलुकको आन्तरिक सुरक्षामा थप चुनौतीहरुको सृजना गर्दै आएको हुँदा यस्ता क्रियाकलापहरुको समयमा नै निगरानी गरी नियन्त्रणका लागि पेशागत दक्षता र संयम्ताकासाथ परिचालन हुन सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुलाई सोही अवसरमा निर्देशन दिनुभएको थियो।

उहाँले सशस्त्र प्रहरी बल नेपाल देशको ७७ वटै जिल्लामा उपस्थिती रहि देशको शान्ति सुरक्षा कायम राख्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आई रहेको चर्चा गर्नुहुँदै संगठनलाई राज्यप्रदत्त जिम्मेवारीहरु निर्वाह गर्ने सिलसिलामा आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, सुरक्षा सामाग्री तथा बन्दोबस्ती व्यवस्थापन लगायतका विषयमा नीतिगत कार्यान्वयमा आवश्यक सहयोग उपलब्ध गराउन गृहमन्त्रालय प्रतिवद्ध रहेको बताउनुभयो।




माननीय गृहमन्त्री गुरुङले विपद् व्यवस्थापनको क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले पुर्‍याएको योगदान प्रशंसनिय रहेको उल्लेख गर्नहुँदै सशस्त्र प्रहरी बल नेपालले संचालन गरेको समुदायमा आधारित विपद् प्रतिकार्य तालिममा आफु पनि सहभागिता भई यसको व्यवहारिक र प्रभावकारिता अनुभुत गरेको स्मरण गर्नुभयो।

समारोहमा माननीय गृहमन्त्री गुरुङले दिक्षीत भई कार्यक्षेत्र प्रवेश गर्न लाग्नुभएका अधिकृतहरुलाई साहस, अनुशासन, इमान्दारिता, कर्तव्यनिष्ठ र अथक परिश्रमलाई जीवनको मार्गदर्शकको सिद्धान्तका रुपमा आत्मासाथ गर्दै राष्ट्र र जनताको सेवामा समर्पित रहन प्रेरणा मिलोस् भन्ने शुभकामना दिनुहुँदै राष्ट्रसेवामा समर्पित गर्न प्रेरित गर्नुहुने अभिभावकप्रति हार्दिक आभार प्रकट गर्नुभयो।

उक्त समारोहमा माननीय गृहमन्त्री सुधन गुरुङले सशस्त्र प्रहरी आधारभूत तालिममा सर्वप्रथम हुने प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षक समिर बहादुर रावललाई खुकुरी प्रदान गर्नुकासाथै कवाज प्रथम सशस्त्र प्रहरी निरीक्षक जनक बहादुर जोशी, शारिरीक सहिष्णुतातर्फ सशस्त्र प्रहरी निरीक्षक पुष्कर जोशी र चाँदमारीतर्फ सशस्त्र प्रहरी निरीक्षक प्रदिप कुँवरलाई पुरस्कार प्रदान गर्नुभएको थियो।

समारोहमा प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायव महानिरीक्षक पुरुषोत्तम थापाले दीक्षान्त समारोहमा प्रशिक्षार्थी अधिकृतहरुलाई सपथ ग्रहण गराउनु भएको थियो। करीब ५६ हप्ता अवधिको सो तालिम ३ जना महिलासहित कुल ४९ जना सशस्त्र प्रहरी निरीक्षकहरुले सफलतापुर्वक सम्पन्न गरेका छन्।

सामारोहमा नेपाल सरकारका मुख्य सचिव सुमन राज अर्याल, नेपाली सेनाका प्रधान सेनापति अशोकराज सिग्देल, गृहसचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दान बहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक टेकन्द्र कार्की, चन्द्रागिरी नगरपालिका प्रमुख घनश्याम गिरी, सशस्त्र प्रहरी परिवार महिला संघका अध्यक्ष श्रीमती अनिता लामिछाने अर्याल लगायत अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, विभिन्न क्षेत्रका विशिष्ट महानुभावहरुकासाथै सशस्त्र प्रहरी बल, नेपालका वरिष्ठ अधिकृतहरु एवं दीक्षित अधिकृतहरुका अभिभावकहरुको समेत उपस्थिति रहेको थियो।

## निशान तथा मौलो पूजा सम्पन्न



चैतेदशैंको अवसरमा सशस्त्र प्रहरी बल, नेपालको निशान तथा मौलो पुजा सम्पन्न भएको छ। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नं. १९ बगलामुखी (विशेष कार्यदल) गण हल्चोक स्वयम्भुमा बिहान ७ बजेर २१ मिनेटको पूजाको संकल्प साइतमा सुरु भएको निशान तथा मौलो पूजामा सशस्त्र प्रहरी बल, नेपालको निशानमा पञ्चाक्षप लगाउनुभयो।

उक्त निशान तथा मौलो पुजा कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपालको एक टोलीले निशान भगवती सलामी अर्पण गर्नुका साथै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत, अधिकृत तथा बिल्लादार जवानहरुबाट पूजाअर्चना तथा मौलो परिक्रमा गरिएको थियो। सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले मौलोपूजा व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरूलाई पगरी तथा नगदसमेत पुरस्कार प्रदान गर्नुभएको थियो।



**सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले चैत्र १६ गते प्रधान कार्यालयमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न लगेका सशस्त्र प्रहरी सहायक निरीक्षक निम दिकी शेर्पालाई सशस्त्र प्रहरी बल नेपालको झन्डा हस्तान्तरण गर्नुभएको छ।**



**तत्कालिन माननीय गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सफलतापूर्वक सम्पन्न गराउन अतुलनीय भूमिका निर्वाह गरेकोमा गृह मन्त्रालयलगायत सशस्त्र प्रहरी बल नेपाललाई प्रशंसापत्रसहित सम्मान गर्नुभएको छ।**

## IG APF Commendation प्रदान



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपाललाई विभिन्न विधा र क्षेत्रबाट अनुकरणीय योगदान पुर्‍याउनुहुने महानुभावहरुलाई IG APF Commendation प्रदान गर्नुभएको छ।

महानिरीक्षक अर्यालले २५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा घोषणा भएको IG APF Commendation बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङ, गायक दीपक लिम्बु र पर्वतारोही टासी लाक्पा शेर्पालाई चैत्र ८ गते प्रदान गर्नुभएको हो। महानिरीक्षक अर्यालले IG APF Commendation बाट सुशोभित हुनुहुनेहरुलाई हार्दिक बधाई दिनुहुँदै आगामी दिनहरुमा समेत उहाँहरुबाट मुलुक र संगठनलाई यस्तै उत्कृष्ट योगदानको अपेक्षा गरिएको बताउनुभयो।

त्यसैगरी गायक लिम्बुले सम्मान प्राप्त भएकोमा संगठनप्रति हार्दिक आभार प्रकट गर्नुका साथै खुसीसमेत व्यक्त गर्नुभयो। सो कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नारायणदत्त पौडेल र बंशीराज दाहालगायत सशस्त्र प्रहरी बल नेपालका उच्च अधिकृतहरुको समेत उपस्थिति रहेको थियो।

## 'गोताखोरहरू केवल तलबका लागि मात्र पानीमुनि छिरेका होइनन्, यसमा उनीहरूको त्याग र समर्पण छ, बर्दी लगाएका यी उद्धार कर्ताहरूलाई दिइने सम्मानले नै उनीहरूको मनोबल उच्च बनाउँछ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

# सशस्त्र प्रहरी महानिरीक्षक कप, २०८२







'सशस्त्र प्रहरी महानिरीक्षक कप, २०८२' को रनिङ ट्रफि राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातिर्थले जितेको छ । प्रधान कार्यालयमा चैत्र ३० गते सम्पन्न भएको सो प्रतियोगितामा ८ स्वर्ण, ५ रजत र ४ कास्य गरी कुल १७ पदकसहित राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातिर्थ प्रथम भएको हो ।

त्यस्तै नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौं ७ स्वर्ण, ८ रजत र ६ कास्य कास्यसहित द्वितीय र नं. १ बराह बाहिनी मुख्यालय सुनसरी ४ स्वर्ण २ रजतसहित तृतीय भएको हो । प्रतियोगिताको समापन समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले विजयी टिम तथा खेलाडीहरुलाई ट्रफि, मेडल प्रदान गर्नुकासाथै उत्कृष्ट खेलाडी, प्रशिक्षक तथा अफिसियल र नेपाल एपीएफ क्लबलाई सहयोग पुऱ्याउनुहुने विभिन्न संघसंस्थाका महानुभावहरुलाई पुरस्कार, कदरपत्र र प्रशंसापत्र समेत प्रदान गर्नुभएको थियो ।

उहाँले सशस्त्र प्रहरी बल नेपालले आफ्नो मुख्य जिम्मेवारीको अतिरिक्त खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा निरन्तर योगदान दिँदै आएको बताउनुहुँदै यस्ता प्रतियोगिताहरुले संगठनभित्र लुकेर रहेका प्रतिभाहरुलाई पहिचान गर्नुकासाथै खेलाडीहरुको अनुशासन, कर्तव्यपरायणता, नेतृत्व क्षमता र सामुहिक भावनको विकासमा महत्वपूर्ण खेल्ने बताउनुभयो ।

यस्ता प्रतियोगिताले सामुहिक सोच, एकता, समर्पण र अन्तिम क्षणसम्म संघर्ष गर्ने भावना विकास गर्दै संगठनको उद्देश्य तथा राष्ट्रिय हितप्रति दृढ प्रतिबद्धता कायम राख्ने उल्लेख गर्नुहुँदै महानिरीक्षक अर्यालले भन्नुभयो-'खेलकुदलाई केवल प्रतिस्पर्धा वा मनोरञ्जनको रुपमा मात्र सिमित गरेर हेर्नु हुँदैन, खेलकुद क्षमता अभिबृद्धि गर्ने, तीव्र निर्णय, क्षमता, परिस्थितीअनुसार अनुकुल हुने दक्षता, समन्वय तथा संयमित आक्रामकता जस्ता गुणहरु सिकाउने आधारस्तम्भ हो ।'

**सशस्त्र प्रहरी महानिरीक्षक कप, २०८२ को पदक नतिजा**

| टिमको नाम | पदक | | | जम्मा | कै |
|---|---|---|---|---|---|
| | स्वर्ण | रजत | कास्य | | |
| प्रशिक्षण प्रतिष्ठान, मातातिर्थ | ८ | ५ | ४ | १७ | पहिलो |
| नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी | ४ | २ | ० | ६ | तेस्रो |
| नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी | ३ | ४ | १० | १७ | |
| नं. ३ गढीमाई बाहिनी मुख्यालय, चितवन | ० | २ | ० | २ | |
| नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा | १ | ० | २ | ३ | |
| नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय, रुपन्देही | २ | २ | २ | ६ | |
| नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत | १ | ० | ० | १ | |
| नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया | ३ | ६ | ५ | १४ | |
| नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय, बलम्बु | ७ | ८ | ६ | २१ | दोस्रो |
| जम्मा | २९ | २९ | २९ | ८७ | |

महानिरीक्षक अर्यालले उपलब्धी हासिल गर्न निरन्तर परिश्रम, अनुशासन र समर्पणको प्रतिफल रहेको उल्लेख गर्नुहुँदै पराजित हुने खेलाडीहरु हार अन्त्य होईन, सुधार र आत्ममुल्यांकनको अवसरको रुपमा लिई खेलमैदानमा खेलेको अनुभवबाट पाठ सिक्दै अगाडि बढियो भने एक दिन सफलता पक्कै मिल्ने बताउनुभयो ।

उहाँले खेलकुद केवल शारिरीक स्फुर्तीको लागि मात्र नभई धैर्यता, त्याग, अनुशासन र प्रतिस्पर्धात्मक क्षमतालाई अभिबृद्धि गर्दछ जुन एक उत्कृष्ट सुरक्षाकर्मीको मूल चरित्र रहेको बताउनुहुँदै कमाण्डर तहका सशस्त्र प्रहरी अधिकृतहरुलाई आफ्ना मातहतका कर्मचारीहरुलाई खेलकुदप्रति रुची जागृत गराई उपयुक्त वातावरण सिर्जना गर्न समेत सोही अवसरमा निर्देशन दिनुभयो ।

नेपाल एपीएफ क्लबको आयोजनामा यही चैत्र २४ गते देखि संचालन भएको प्रतियोगितामा राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान र सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयहरु गरी नौ वटा टिमको सहभागिता रहेको थियो भने प्रतियोगितामा फुटबल, भलिबल र एथलेटिक्स विधाका खेलहरु समावेश गरिएको थियो । यस अघि उक्त प्रतियोगिताको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले चैत्र २४ गते उद्घाटन गर्नुभएको थियो ।






उहाँले खेलकुदले शारिरीक शक्ति र सहनशिलता अभिबृद्धि गर्नुकासाथै संगठनमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुमा समेत उच्च मनोवलकासाथ कार्यक्षेत्रमा आफ्नो जिम्मेवारी र मानसिक तनावलाई सन्तुलित र स्वस्थ तरिकाले व्यवस्थापन गर्न सहयोग पुऱ्याउने बताउनुहुँदै सम्पूर्ण खेलाडीहरुले खेल क्षेत्रमा आफ्नो निरन्तर सुधार, उच्च समपर्ण र अनुशासनकासाथ अघि बढ्दै संगठन र राष्ट्को गौरव बढाउन अग्रसर रहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी परिवार महिला संघका पदाधिकारीहरु, अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, विभिन्न खेलकुद संघसंस्थाका पदाधिकारीहरु लगायत सशस्त्र प्रहरी अधिकृत तथा बिल्लादार जवानहरुको उपस्थिती रहेको थियो ।

## बाहिनीस्तरीय सुरक्षा सम्मेलन



चैत्र ६ गते नं. ७ बैद्यनाथ बाहिनी मुख्यालयको आयोजनामा नं. ३५ गण शैलेश्वरी कञ्चनपुरको सभाहलमा बाहिनी स्तरीय सुरक्षा सम्मेलन संम्पन्न भएको छ ।

नं. ७ बैद्यनाथ बाहिनी मुख्यालयका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न सुरक्षा सम्मेलनमा मातहत गण, गुल्म, सीमा सुरक्षा गुल्महरुका प्रमुखहरु लगायत सिनियर तथा जुनियर अधिकृतहरुको सहभागिता रहेको थियो । सम्मेलनमा आन्तरिक तथा बाह्य सुरक्षा, सीमा सुरक्षा, राजस्व संकलन, कर्मचारी व्यवस्थापन, प्रतिनिधी सभा सदस्य निर्वाचन-२०८२ को समिक्षा, कार्यसम्पादन सम्झौताको कार्यान्वयन, विपद व्यवस्थापन, तालिम, भौतिक पुर्वाधार निर्माण विनियोजित बजेट कार्यान्वयन, जिन्सी मालसामान भण्डारण निरीक्षण लिलाम मिनाहा र नष्ट सम्बन्धी समस्या र चुनौती लगायत अन्य विविध बिषयहरुमा छलफल भएको थियो ।

## दंगा नियन्त्रण रेजिमेन्ट गणको उद्घाटन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले चैत्र २० गते दंगा नियन्त्रण रेजिमेन्ट गण निलबाराही काठमाडौंको औपचारिक उद्घाटन गर्नुभएको छ ।

समय सापेक्ष संगठनलाई प्राप्त कार्यादेश मध्येको महत्वपूर्ण कार्यादेश दंगा नियन्त्रणमा प्रभावकारी परिचालनको लागि विशिष्टिकृत युनिटको रुपमा साविकको नं. १८ गण निलबराहीलाई O&M २०८२ मार्फत स्तरोन्नती भई दंगा नियन्त्रण रेजिमेन्ट गणको स्थापना भएको हो ।

## उद्धार/विविध



स्याङ्जा जिल्लाको वालिङ नगरपालिका-१ धरमपानीस्थित सामुदायिक जंगलमा भएको आगलागी नियन्त्रण गर्दै नं.३० गुल्म स्याङ्जाको सशस्त्र प्रहरी।



सुनसरी जिल्लाको ईटहरी उपमहानगरपालिका-६ स्थित आईसक्रिम पार्लरमा भएको आगलागी नियन्त्रण गर्दै नं. १ बराह वाहिनी मुख्यालय सुनसरी।



कञ्चनपुर जिल्लाको दोधाराचादनि नगरपालिका-१ खैरेंडी टोलमा भएको आगलागि नियन्त्रण गर्दै बीओपी भुमिराज।



काठमाडौं महानगरपालिका-१ त्रिचन्द्र क्याम्पस अगाडीको क्लब टावर रेस्टुरेन्टमा भएको आगलागी नियन्त्रण गर्दै नं. १८ गण काठमाडौं।



कास्की जिल्लाको पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दी स्थित रानीवन जंगलमा भएको आगलागी नियन्त्रण गर्दै नं. २४ कालिका गण कास्की।



काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिका-५ डोल्लु हात्तिवन रिसोर्ट नजिकैको सामुदायीक वनमा आगलागी भएको आगालागी नियन्त्रण गर्दै दंगा नियन्त्रण रेजिमेन्ट गण निलबाराही, काठमाडौं।



भक्तपुर जिल्ला भक्तपुर नगरपालिका-१ सल्लाघारी तिनकुनेमा आयोजना भएको ROAD TRAFFICE COLLISION/MASS CASUALTIES SIMULATION–06 को Demonstration कार्यक्रममा सहभागि नं. २२ गुह्येश्वरी गण भक्तपुर।

## स्वास्थ्य शिविर तथा रक्तदान





चैत्र ३ गते झापा जिल्लाको भद्रपुर नगरपालिका-३ हातिमारास्थित अरनिको माध्यमिक विद्यालयमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

नं. १ बराह बाहिनी मुख्यालय पकली सुनसरीको २५औं स्थापना दिवस (रजत महोत्सव)को अवसरमा नं. २ गण झापाको आयोजना तथा बीएण्डसी अस्पताल बिर्तामोड र फिल्ड अस्पताल पकलीको सहकार्यमा उक्त स्वास्थ्य शिविर सञ्चालन गरिएको हो। सो क्षेत्रमा बसोबास गर्ने सीमावासी तथा स्थानीयहरुको नि:शुल्क स्वास्थ्य जाँच गर्ने अभिप्रायले सञ्चालन गरिएको स्वास्थ्य शिविर कार्यक्रममा १ सय ७५ जना महिला र १ सय ४० जना पुरुष गरी ३ सय १५ जनाको स्वास्थ्य परीक्षण गरी नि:शुल्क औषधीसमेत वितरण गरिएको थियो।





२५औं स्थापना दिवसको अवसरमा नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीले चैत्र १९ गते कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिका-९ स्थित विचफाटामा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरेको छ।



नं. १ बराह बाहिनी मुख्यालय सुनसरीको २५औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै बाहिनीका सशस्त्र प्रहरी।



नं.९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंको २२औं स्थापना दिवसको अवसरमा सो बाहिनीले नेपाल एपीएफ अस्पतालको सहकार्यमा बाहिनी मुख्यालय परिसरमा रक्तदान कार्यक्रमको आयोजना।



नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीको २५ औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै बाहिनी तथा मातहतका सशस्त्र प्रहरी।



नं. २४ कालिका गण कास्कीको २१ औं स्थापना दिवसको अवसरमा रक्तदान।

